नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपाल सरकारले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी नेपाल ट्रष्टको कार्यालयबाट हुने पच्चीस लाख रुपैयाँ र सो भन्दा बढी मूल्यको खरिद, निर्माण कार्य र परामर्श सेवा सम्बन्धी कार्य गर्दा विद्युतीय सञ्चारको माध्यमबाट समेत पूर्व योग्यता निर्धारणको प्रस्ताव माग गर्ने, बोलपत्र आह्वानको सूचना जारी गर्ने, आशयपत्र माग गरी संक्षिप्त सूचि तयार गर्ने, परामर्श सेवाको प्रस्ताव माग गर्ने, बोलपत्र वा पूर्व योग्यता सम्बन्धी कागजात पठाउने, बोलपत्र, पूर्व योग्यताको वा परामर्श सेवाको प्रस्ताव प्राप्त गर्ने, बोलपत्र खोल्ने, खरिद सम्झौता गर्ने, भूक्तानी दिने र अन्य सूचना दिन वा लिन सक्ने व्यवस्था गरेको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
डा.त्रिलोचन उप्रेती
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।